**नेपाली / *NEPALI***

लागि: विद्यार्थी, संकाय र कर्मचारीहरू

बाट: *UW–Madison* क्याम्पस नेतृत्व

विषय: संघीय अध्यागमन कार्यहरूप्रति २०२६ सालको वसन्त सेमेस्टरको लागि मार्गदर्शन

मिति: जनवरी २८, २०२६

कानूनी मामिला कार्यालय, अन्तर्राष्ट्रिय विभाग तथा विश्वविद्यालय सम्बन्ध सहितको क्याम्पस नेतृत्वले *UW–Madison* का विद्यार्थी, संकाय र कर्मचारीहरू साथसाथै विश्वविद्यालयको शैक्षिक, अनुसन्धान र आउटरिच उद्देश्यहरूलाई असर पार्न सक्ने संघीय अध्यागमन नीतिहरूको नजिकबाट निगरानी गर्न जारी राखेको छ।

हाम्रो समुदायलाई सूचित राख्न *UW–Madison* प्रतिबद्ध छ ताकि सबैले कानून र नीतिसँग सम्बन्धित अधिकार, जिम्मेवारी र स्रोतसाधनहरू पहुँच गर्न सकून्।

कानूनद्वारा आवश्यक नभएसम्म *UW–Madison* ले आफ्ना विद्यार्थी, संकाय वा कर्मचारीहरूको अध्यागमन स्थितिको बारेमा जानकारी प्रदान गर्ने छैन।

क्याम्पस कार्यस्थलमा सरकारी निकायको प्रतिनिधित्त्व गर्ने कसैले पनि तपाईंलाई सम्पर्क गरेमा के गर्ने भन्ने बारे विश्वविद्यालयको मार्गदर्शन पोस्ट गरिएको छ।

मार्गदर्शनमा समावेश छ:

- तुरुन्तै कानूनी मामिलाका कार्यालयलाई (608) 263-7400 मार्फत सम्पर्क गरेर एकजना अधिवक्तासँग कुरा गर्न सोध्ने। *OLA* को फोन चौबिसै घण्टा, सातै दिन उठाइन्छ।
- एजेन्टहरू तपाईंको कार्यस्थलको कुनै पनि सार्वजनिक क्षेत्रमा आउन सक्दछन् तर गैर सार्वजनिक क्षेत्रमा जान एउटा मान्य खोज वारेन्ट लिएर आउनुपर्दछ।
- कुनै एजेन्टलाई गैर सार्वजनिक क्षेत्र पस्ने अनुमति नदिनुहोस्।
- सार्वजनिक क्षेत्रहरूमा रिसेप्सन, प्रतीक्षा कक्ष र लबीहरू, खुला डाइनिङ्गका क्षेत्रहरू जस्तै क्याफेटेरिया, बाथरूम र अन्य साधारण क्षेत्रहरू जहाँ जो पनि अनुमति बिना आउन सक्दछन्।
- गैर सार्वजनिक क्षेत्रहरूमा निजी कार्यालय तथा ल्याबहरू; निजी आवास कोठाहरू; कक्षाकोठाहरू, बैठक कोठाहरू तथा प्रयोगमा रहेका लेक्चर हलहरू; अनि प्रशिक्षण, अनुसन्धान वा भवन र क्याम्पस परिचालनका लागि तोकिएका अन्य सुरक्षित वा निषेधित पहुँच भएका क्षेत्रहरू।
- यदि एजेन्टहरूले तपाईंको निर्देशन वा अनुरोधहरूको वास्ता गरेनन् भने, उनीहरूलाई नरोक्नुहोला। यदि एजेन्टहरूले वारेण्ट देखाए या नदेखाएपनि क्याम्पसमा तपाईं वा अरूहरूका निर्देशनका पालना नगरी केही गरे भने, तपाईंले उनीहरूले केही गर्न खोजेका छन् भने रोक्न खोज्नुहुँदैन किनकि कानूनी प्रवर्तन गतिविधिलाई रोक्न खोजे वा हस्तक्षेप गर्न खोजे अपराध मानिन सक्छ।

छुट्टै रूपमा, *UWPD* सँग अध्यागमन प्रवर्तनसँग सम्बन्धित प्रक्रियाहरू र अभ्यासहरूको विधि पनि छ। *UWPD* अध्यागमन स्थिति जेसुकै भएतापनि समुदायका सबै सदस्यहरूलाई एकदमै राम्रो सेवा प्रदान गर्न प्रतिबद्ध छ।

- *UWPD* संघीय अध्यागमन प्रवर्तन कार्यहरूमा सहभागी हुनेछैन।
- संघीय एजेन्टहरू क्याम्पसमा छन् भने र प्रवर्तन सम्बन्धित मुद्दाहरूको बारेमा कुनै एक विद्यार्थीलाई सम्पर्क गर्न चाहन्छन् भने उनीहरूले उपयुक्त कानूनी प्रक्रियाहरू प्रयोग गर्नुपर्ने हुन्छ।
- *UWPD* अधिकारीहरूले अध्यागमन कानूनको शंकास्पद उल्लङ्घनको आधारमा मात्र कुनै व्यक्तिलाई हिरासतमा लिने वा पक्राउ गर्ने छैनन् र नियमित रूपमा कुनै व्यक्तिको अध्यागमन स्थितिको बारेमा सोधपुछ गर्ने छैनन्।
- कुनै व्यक्तिको अध्यागमन स्थितिले *UWPD* मा प्रहरी रिपोर्ट दर्ता गर्ने क्षमतालाई असर गर्दैन।
- कुनै व्यक्तिको अध्यागमन स्थितिले *UWPD* ले क्याम्पस र सामुदायिक सुरक्षा सम्बन्धित सेवाहरू प्रदान गर्नेछ कि गर्नेछैन निर्धारण गर्दैन र यदि कुनै व्यक्ति गम्भीर अपराधहरूमा संलग्न छन् भने मात्र यो सान्दर्भिक हुनेछ।
- क्याम्पस बाहिरका क्षेत्रहरूका लागि *MPD* को आफ्नै जानकारी छन्।

अध्यागमन स्रोतसाधनहरूको ताजा जानकारीका लागि यो वेबसाईट हेर्नुहोला: https://iss.wisc.edu/resources-on-immigration-issues/।